## पुष्प व्यवसायी संघको सहकार्यमा पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन विधि, २०७७

मन्त्री

**प्रस्तावनाः** भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व. २०७७।७८ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत पुष्प व्यवसायी संघको सहकार्यमा पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन र कार्यान्वयन गर्नका लागी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले देहायको कार्य संचालन विधि स्वीकृत गरी लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम "पुष्प व्यवसायी संघको सहकार्यमा पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन विधि, २०७७" रहेको छ।

(२) यो विधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधिमाः-

(क) "कार्यक्रम" भन्नाले पुष्प व्यवसायी संघको सहकार्यमा पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले मन्त्रालय वा मातहतका निकायलाई सम्झनु पर्छ।

(ग) "निर्देशनालय" भन्नाले प्रदेश मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालयलाई सम्झनु पर्छ।

(घ) "प्रस्ताव" भन्नाले पुष्प बिक्री स्थापना तथा बजारिकरणका लागि सहयोग अनुदानको लागि पेश गरेको आवेदनलाई सम्झनु पर्छ।

(ङ) "पुष्प कम्पनी/फार्म/नर्सरी" भन्नाले निजी क्षेत्रका व्यवसायीबाट पुष्प व्यवसायको प्रमुख उद्देश्यसहित कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको निजी कम्पनीलाई सम्झनु पर्छ। सो शब्दले सोहि प्रयोजनका लागि घरेलु तथा साना उद्योग विभाग वा अन्तर्गतका निकायमा दर्ता भएको उद्योग समेतलाई जनाउँछ।

(च) "पुष्प व्यवसाय संघ" भन्नाले लुम्बिनी प्रदेशको पुष्प व्यवसायको विकास, विस्तार तथा प्रवर्द्धन गर्ने उद्देश्यले पुष्प व्यवसायमा संलग्न सदस्यहरुको सहयोगमा भएको नेपाली पुष्प व्यवसायीहरुको छाता संगठन (फयान) वा सोहि प्रकृतिको भिन्न अस्तित्वको प्रदेशस्तर वा जिल्लास्तरको सञ्जाल वा संगठनलाई सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले दफा ५ अनुसार गठित कार्यक्रम व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(झ) "ज्ञान केन्द्र" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहतको कृषि ज्ञान केन्द्रलाई सम्झनु पर्छ।

३. <u>उद्देश्यः</u>

(१) दिर्घकालिन उद्देश्यहरुः

पुष्प खेतीको व्यवसायिकिकरण, आधुनिकिकरण र बजारिकरणमा आवश्यक पर्ने सेवा, टेवा पुऱ्याइ गरिबी निवारणमा सहयोग पुऱ्याउदै पुष्प र पुष्पजन्य उपजहरुमा आत्मनिर्भर हुँदै जाने।

(२) अल्पकालिन उद्देश्यहरुः

(क)व्यावसायिक रुपमा पुष्प खेती गर्ने तथा बिक्री वितरण गर्नेलाई प्रोत्साहन गर्ने।

(ख)व्यावसायिक पुष्प खेतिको माध्यमबाट आयआर्जनमा वृद्धि गर्ने र जिविकोपार्जनमा टेवा पुर्याउने।

(ग)पुष्प खेतीको विस्तार गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने।

४. <u>कार्यक्रममा सञ्चालन गरिने क्रियाकलापहरु र विधिः</u> (१) मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधिभित्र रही देहायबमोजिमका कार्यक्रमहरु सञ्चालन हुनेछन्:

| क्र.सं | कार्यक्रम | कृयाकलापहरु | सञ्चालन गर्ने निकाय र विधि | बजेट रु.लाखमा |
|---|---|---|---|---|
| १ | तिहारलक्षित पुष्प प्रवर्द्धन अभियान | रेडियो लगायत अन्य माध्यमबाटप्रदेशकै फूललाई प्राथमिकता दिने भनेर जनचेतना फैलाउने (१२जिल्लामा) | निर्देशनालय र पुष्प व्यवसाय संघ वा व्यवसायीहरुको सहकार्यमा गर्ने गरी | ३ |
| | | फूल खेती सम्बन्धीपर्चा/पम्प्लेट/बुकलेट तयारी तथा प्रकाशन | निर्देशनालय | |
| २ | पुष्पखेती सम्बन्धित advance level तालिम (वस्तुगत टेवासहित) | स्थलगततालिम (उन्नत पुष्प खेती प्रविधि, बजारिकरण र पोष्टहार्भेष्ट व्यवस्थापन) तथा भ्रमण रविउ वा विरुवा निशुल्क वितरण | निर्देशनालयले कम्तीमा १५ दिने सूचना प्रकाशन गरी माग संकलन गरेर छनौट गर्ने | ५ |
| ३ | पुष्प बिक्री केन्द्रस्थापना तथा बजारिकरणका लागि अनुदान सहयोग कार्यक्रम | • दाङ्ग(घोरही),बुटवल तथा नेपालगञ्ज/कोहलपुरमा सञ्चालन गरिने<br>• बिक्रीकक्ष स्थापना तथा डेकोरेशनमा सहयोग<br>• फूलको सङ्कलन तथा भण्डारणमा सहयोग<br>• फूलको माला, गुच्छा (bouquet) | निर्देशनालयले कम्तीमा १५ दिने सूचना प्रकाशन गरी माग संकलन गरेर छनौट गर्ने | ९ |

| | | | | |
|---|---|---|---|---|
| | | तथा अन्य सामाग्रीहरु बनाउनेउपकरणमा सहयोग<br>• फूल प्याकेजिङ्ग तथा लेबलिङ्ग सहित बिक्रीका लागि कार्टुन तथापेपर ब्याग खरिदमा सहयोग | | |
| ४ | पुष्प सम्बन्धी सरोकारवालाहरुसँग समन्वयात्मक गोष्ठी तथा संघ/सञ्जाल गठन | मन्त्रालय,निर्देशनालय वा मातहतका कार्यालय तथा अन्य पुष्प व्यवसायसँग सम्बन्धि सरोकारवालाहरुको समन्वय गोष्ठी तथा पुष्प व्यवसाय संघ वा सञ्जाल गठन | निर्देशनालय | ३ |

(२) उपदफा (१) तालिकामा क्र.सं. २ को पुष्पखेती सम्बन्धित advance level तालिम (वस्तुगत टेवासहित) को हकमा प्राप्त आवेदनको मूल्याङ्कन गरी प्रशिक्षार्थी छनौटको काम समितिले गर्नेछ।सूचनाको ढाँचा र मूल्याङ्कनका आधारहरु समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा (१) को तालिकामा क्र.सं. ३ मा रहेको पुष्प बिक्री केन्द्रस्थापना तथा बजारिकरणका लागि सहयोग कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको योग्यता पुगेका पुष्प कम्पनी/फर्म/नर्सरीले अनुसूची-१ अनुसारको आवेदनको ढाँचा र आवश्यक कागजातहरु,अनुसूची-२ बमोजिमको व्यावसायिक योजना तथा अनुसूची-३ बमोजिमको प्रतिवद्धता-पत्र र समान प्रयोजनको लागि कुनैपनि श्रोतबाट अनुदान नलिएको स्वघोषणा संलग्न राखी निर्धारित समय भित्र सूचनामा तोकिए अनुसारको कार्यालयमा प्रस्ताव पेश गर्न सक्नेछ:

(क) पुष्पकम्पनी/फर्म/नर्सरीको गत आ.व.मा दर्ता भई स्थायी लेखा नम्बर लिएको, नियमित रुपमा लेखा परीक्षण गराएको र नियमानुसार कर चुक्ता गरेको हुनुपर्नेछ।

(ख) बजार स्थापना गर्ने पुष्प कम्पनी/फर्म/नर्सरीले कम्तीमा ५ जना पुष्प उत्पादक कृषक (कम्तीमा २ हेक्टर क्षेत्रफलको उत्पादन समेटिने गरी) सँग खरिद गर्ने करारनामा गरेको हुनु पर्नेछ।

(ग) ब्रिक्री कक्ष स्थापनाका लागि आफ्नै घर भएको वा भाडामा भए कम्तीमा १ वर्षको घरभाडाको करारनामा भएकोहुनु पर्नेछ।

(घ) बाटो,पानी तथा बिजुली र शौचालयको सुविधा भएको हुनुपर्नेछ।

(ङ) पुष्पको बजारिकरण सम्बन्धि तालिम प्राप्त गरेको पुष्प कम्पनी/फर्म/नर्सरीलाई प्राथमिकता दिइनेछ।

(च) तिहारको मालाको हकमा स्वदेशी उत्पादन मात्रा बिक्री गर्नुपर्ने र अन्य समयमा पनि स्वदेशी उत्पादन खरिद बिक्रीलाई प्राथमिकता दिने प्रतिबद्धता पत्र दिनुपर्नेछ।

(छ) सोहि प्रयोजनका लागि विगत २ आ.व. तथा चालु आ.व. भित्र अन्य कुनै स्रोतबाट अनुदान नलिएको हुनु पर्नेछ।

मन्त्री

५. <u>कार्यक्रम व्यवस्थापन समितिको व्यवस्था:</u>(१) यस कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति गठन गरिनेछः-

(क) प्रमुख, कृषि विकास निर्देशनालय - अध्यक्ष

(ख) सम्बन्धित विषयको महाशाखा प्रमुख वा अधिकृतस्तरको प्रतिनिधि, मन्त्रालय - सदस्य

(ग) प्रतिनिधि, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा मातहतका कार्यालय -सदस्य

(घ) योजना कार्यक्रम तथा अनुगमन शाखा प्रमुख वा प्रतिनिधि, निर्देशनालय - सदस्य

(ङ) लेखा प्रमुख वा प्रतिनिधि, कृषि विकास निर्देशनालय - सदस्य

(च) कृषि विकास निर्देशनालयको वागवानी शाखा प्रमुख - सदस्य सचिव

(२) कृषि ज्ञान केन्द्रबाट सञ्चालन हुने कार्यक्रमको हकमा देहाय बमोजिमको एक कार्यक्रम व्यवस्थापन समिति गठन गरिनेछः-

(क) प्रमुख, ज्ञान केन्द्र -अध्यक्ष

(ख) ज्ञान केन्द्र रहेको पालिकाको कृषि शाखा प्रमुख -सदस्य

(ग) योजना हेर्ने अधिकृत, ज्ञान केन्द्र -सदस्य

(घ) लेखा प्रमुख, ज्ञान केन्द्र -सदस्य

(ङ) कार्यक्रम सञ्चालन गर्ने शाखा प्रमुख, ज्ञान केन्द्र -सदस्य सचिव

(३) समितिले आवश्यकता अनुसार बढीमा २ जनासम्म आमन्त्रित सदस्य बोलाउन सक्नेछ।

६. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रमको प्रस्ताव आह्वानको लागि सूचना प्रकाशन, प्रस्ताव संकलन सम्बन्धी निर्णय गर्ने,

(ख) कार्यक्रम अनुदान वितरणलाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यकता अनुसार समितिको कुनै एक सदस्यको संयोजकत्वमा बढीमा ३ सदस्यीय उप-समिति गठन गरी काम, कर्तव्य र अधिकार समेत तोकी कार्य गराउन सक्ने,

(ग) रितपूर्वक दर्ता भएका प्रस्तावहरुले आवश्यक न्यूनतम आधारहरु पूरा गरेको/नगरेको यकिन गरी पहिलो चरणमा प्रारम्भिक छनौट गर्ने/गराउने,

(घ) प्रारम्भिक छनौट भएका पुष्प कम्पनी/फर्म/नर्सरीहरुको आवश्यक स्थलगत निरीक्षण गर्ने/गराउने,

(ङ) स्थलगत निरीक्षण टोलीको प्रतिवेदन/सिफारिसमा उल्लेख भए अनुसार प्रस्तावहरुको मूल्याङ्कन प्रक्रिया अगाडि बढाउने,

(च) अनुसूची-४ बमोजिम मूल्याङ्कन गरी स्वीकृतिको लागि योग्यताक्रम तोकि सिफारिस गर्ने,

(छ) स्वीकृत बजेटको परिधिमा रहि कार्यक्रम अनुदानग्राही संख्या र प्रति प्रस्ताव अधिकतम अनुदान सिमा तोक्ने,

(ज) मूल्याङ्कन बमोजिमको योग्यताक्रम अनुरुप स्वीकृत बजेटको परिधिभित्ररही कार्ययोजना सहित सम्झौताको लागि सिफारिस गर्ने।

७. <u>कार्यक्रम कार्यान्वयनः</u> (१) प्राप्त प्रस्तावहरु मध्ये कार्यक्रम व्यवस्थापन समितिबाट प्राथमिकता क्रमका आधारमा छनौट भएका मुख्य र वैकल्पिक प्रस्तावहरु छनौट गरी स्वीकृत भएका मुख्य पुष्प कम्पनी/फर्म/नर्सरीहरुलाई समयावधि तोकी सम्झौताको लागि सूचित गरिनेछ।

(२) छनौट भएका पुष्प कम्पनी/फर्म/नर्सरीसँग स्वीकृत कार्ययोजना सहित सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिनेछ।

(३) छनौट भएका पुष्प कम्पनी/फर्म/नर्सरीले तोकिएको समयभित्र सम्झौता गर्न नआएमा प्राथमिकताक्रम अनुसार वैकल्पिकमा रहेका पुष्प कम्पनी/फर्म/नर्सरीलाई सम्झौताको लागि सूचित गरी कार्यक्रम सञ्चालन गरिनेछ।

८. <u>अनुदानको सीमाः</u>(१)कार्यक्रम व्यवस्थापन समितिले स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रही अनुदान सहयोग अन्तर्गत अनुदानग्राहीबाट पुष्प बिक्री कक्ष स्थापना तथा बजारिकरण सहयोगका लागिकूल खर्चको ५० प्रतिशत वा प्रति आवेदक रु. ३ लाख मा जुन कम हुन्छ, सो रकम अनुदानको लागि स्वीकृत दिन सक्नेछ। अनुदानमा औजार/उपकरणहरुको माग गर्ने पुष्प कम्पनी/फर्म/नर्सरीले खरिद गर्न चाहेको मेसिन तथा उपकरणहरुको स्पेशिफिकेशन तथा लागत मूल्य समेत पेश गर्नु पर्नेछ।

९. <u>पुष्प कम्पनी/फर्म/नर्सरीले लगानी गर्ने रकमः</u> पुष्प कम्पनी/फर्म/नर्सरीले आफूले लगानी गर्न कबोल गरेको रकम तथा अन्य पूर्वाधारको व्यवस्था गरी वा वित्तीय संस्थाबाट लगानी हुने भए वित्तीय संस्थाको प्रतिवद्धता पत्र वा अन्य भरपर्दो विवरण प्राप्त भएपछि मात्र स्वीकृत पुष्प कम्पनी/फर्म/नर्सरीलाई कार्यक्रम अघि बढाउन कार्यादेश दिईनेछ।

१०. <u>खरिद तथा भुक्तानी सम्बन्धी व्यवस्थाः</u>(१) स्वीकृत भएका पुष्प कम्पनी/फर्म/नर्सरीहरुले प्रचलित कानून बमोजिम खरिद प्रक्रिया अपनाउनुपर्नेछ।

(२) अनुगमनकर्ताले दिएको कार्य सम्पन्न प्रतिवेदन र बिल भर्पाई सहित भुक्तानीका लागि माग भई आएपछि सम्झौतामा उल्लेखित आधारमा भुक्तानी गरिनेछ।

११. <u>भुक्तानीको लागि पेश गर्नुपर्ने कागजातहरुः</u> (१) काम सम्पन्न गरी भुक्तानीको लागि देहाय बमोजिमको कागजातहरु संलग्न राखी पेश गर्नुपर्नेछः-

(क) सम्झौता-पत्रको प्रतिलिपि र कार्यादेशको प्रतिलिपि,

(ख) स्वीकृत कार्ययोजनाको प्रतिलिपि रतोकिए बमोजिमको क्रियाकलापमा गरिएको खर्चको विवरण,

(ग) विलविजकहरुको सक्कल प्रति,

(घ) तयार गरिएको संरचना तथा खरिद गरिएका उपकरणहरुको फोटो,

(ङ) अनुदानग्राहीले कार्यसम्पन्न गरेको प्रतिवेदन,

(च) सूचनापाटी/होर्डिङ्ग बोर्डको फोटो,

(छ) आवश्यक निर्णयहरुको प्रतिलिपि आदि।

(२) स्थलगत अनुगमन प्रतिवेदनको आधारमाअनुदान रकम उपलब्ध गराईनेछ।

१२. अनुदान रकम सम्बन्धी अन्य व्यवस्थाः अनुदान रकम उपलब्ध गराउने अन्य व्यवस्थाहरु देहाय बमोजिम रहनेछन्:-

(क) कार्यक्रम सञ्चालनको लागि पेश्की रकम उपलब्ध गराईने छैन।

(ख) कार्यप्रगति र कार्यसम्पन्नता पश्चात मात्र रकम भुक्तानी दिईनेछ।

(ग) एकै प्रकृतिको कार्यक्रम दोहोरो पर्ने गरी समावेश गराईने छैन।

(घ) कार्यक्रम सञ्चालनको लागि विगत दुई वर्ष भित्र सोही प्रयोजनका लागि अनुदान प्राप्त गरेकालाई अनुदान कार्यमा सहभागी गराईने छैन।

(ङ) स्वीकृत कार्ययोजनामा उल्लेख गरिएका क्रियाकलापमा बाहेक अन्य कार्यको खर्चमा रकम उपलब्ध हुनेछैन।

(च) कार्यक्रम सञ्चालनको लागि खर्च भएको विवरण दुरुस्त राख्नु पर्नेछ।

(छ) कार्यसम्पन्न भए पश्चात अनुदानग्राहीले कार्यसम्पन्न प्रतिवेदन र आवश्यक विल भर्पाई सहित तोकिएको समय भित्र भुक्तानी माग गर्नुपर्नेछ।

(ज) भुक्तानीका लागि पेश भएका निवेदनहरुको स्थलगत अनुगमन गरी खर्च भएका प्रतिवेदनका आधारमा नियमानुसारको कर कट्टि तथा प्रचलित कानून बमोजिम कन्टिन्जेन्सी रकम कट्टा गरी अनुदानग्राहीलाई एकाउन्ट पेयी चेक मार्फत भुक्तानी दिईनेछ।

(झ) सम्झौतामाउल्लेख गरिएको अवधि भित्र कार्यसम्पन्न गरी सक्नुपर्नेछ। तर कुनै कारणवस सम्झौता अवधि भित्र कार्यसम्पन्न गर्न नसक्ने भएमा चित्तबुझ्दो आधार र कारण उल्लेख गरी म्याद समाप्त हुनु भन्दा सात दिन अगाडि म्याद थपको निवेदन दिनुपर्नेछ। म्याद थप सम्बन्धी अन्तिम निर्णय कार्यक्रम सञ्चालन गर्ने निकायको हुनेछ।

१३. अनुदानग्राहीले पालन गर्नुपर्ने अन्य कुराहरुः(१) अनुदानग्राहीले यस कार्यविधि अनुसार सञ्चालन गर्ने क्रियाकलापहरु झल्कने गरी होडिङ्ग बोर्ड राख्नुपर्नेछ। साथै गरिने सम्पूर्ण कार्यको अभिलेख दुरुस्त राख्नुपर्नेछ।

(२) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय तथा मातहतका निकायहरुबाट दिएको लिखित निर्देशनको पालना गर्नुपर्नेछ।

(३) प्रदेश सरकारले चाहेमा जुनसुकै बखत अनुदानग्राहीको पुष्प व्यवसायसम्बन्धी हिसाब किताब हेर्न सक्नेछ। हिसाब देखाउनु सम्बन्धित अनुदानग्राहीको दायित्व हुनेछ।

(४) अनुदानग्राहीले अनुदान प्राप्त गरिसकेपछि कम्तीमा ५ वर्ष सम्म पुष्प वा पुष्प जन्य उत्पादन तथा बजारिकरणका कार्यलाई निरन्तरता दिनुपर्नेछ।

(५) अनुदानग्राहीले बाली विमा तथा उत्पादन बिक्री गर्ने कार्य आफैले गर्नुपर्नेछ।

१४. अनुगमन तथा मूल्याङ्कनः (१) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, मातहत कार्यालय र प्रदेश सरकारका सरोकारवाला निकायहरुले संयुक्त वा छुट्टाछुट्टै गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख र प्रतिवेदन कार्यालयले सुरक्षित राख्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमका निकायहरुले दिएको निर्देशनको पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ।

१५. **समन्वयः** निर्देशनालय वा कार्यालयले कार्यक्रमलाई व्यवस्थितरुपले सञ्चालन गर्न सरोकारवाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय र सम्बन्धित स्थानीय तहबीच समन्वय गर्नेछ।

१६. **कारवाहीको व्यवस्थाः** कार्यक्रम सञ्चालन गर्दा मन्त्रालय, निर्देशनालय र अन्तर्गतका निकायहरुले दिएका निर्देशन एवं प्रचलित कानूनको पालना गर्नुपर्नेछ। सम्झौता बमोजिमको कार्य नभएको खण्डमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

१७. **प्रचलित कानून बमोजिम हुनेः** यस विधिको कार्यान्वयनका सम्बन्धमा यसमा उल्लेख नभएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

अनुसूची-१

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

कार्यमन्त्री

# पुष्पबिक्री केन्द्र स्थापना तथा बजारिकरणका लागि अनुदान सहयोगकार्यक्रमको आवेदन-पत्र

मितिः

श्रीमान प्रमुखज्यू,
कृषि विकास निर्देशनालय,
लुम्बिनी प्रदेश, रूपन्देही ।

**विषयः पुष्प बिक्री केन्द्र स्थापना तथा बजारिकरणका लागि अनुदान सहयोगकार्यक्रममा सहयोग सम्बन्धमा।**

महोदय,

मेरो/हाम्रो ...................................................................................................बाट ........................................ जिल्ला, ..........................म.न.पा./उप-म.न.पा./न.पा./गा.पा.,वडा नं.................. अन्तर्गत......................स्थानमा पुष्प बिक्री केन्द्र स्थापना तथा बजारिकरणमा सहयोग कार्यक्रम संचालन गर्ने लक्ष्य रहेकोले सोका लागी अनुमानित लागत रकमको रु.............................................मध्ये रु ........................................... मेरो/हाम्रो आफ्नैतर्फबाट व्यहोरी बाँकी रकम रु.................................................... अनुदान पाउने व्यवस्थाका लागी तपशिल बमोजिमका कागजातहरु संलग्न राखी यो आवेदन पेश गरेको छु/ गरेका छौं।

तपसिलः

१. अनुसूची-१ अनुसारको आवेदन ।
२. दर्ताप्रमाणपत्र र स्थायीलेखानं. प्रमाणपत्रमा पुष्प व्यवसाय उल्लेख हुनुपर्नेछ ।
३. गतआ.व.सम्मकोकरचुक्ताप्रमाणपत्रकोप्रतिलिपी।नियमानुसारकरचुक्ताकोलागीम्याद थपभएकोमासोको समेत प्रतिलिपी।
४. सम्बन्धित कृषि ज्ञान केन्द्रबाट कार्यक्रम सञ्चालन गरिने स्थान प्राविधिक रुपमा उपयुक्त रहेको व्यहोराको सिफारिस पत्र ।
५. ब्रिक्रिकक्ष स्थापनाका लागि आफ्नै घर भएको वा भाडामा भए कम्तीमा १ वर्षको घरभाडाको सम्झौता पत्र।
६. पुष्प कम्पनी/फर्म/नर्सरीको कम्तिमा ५ वर्ष सम्म व्यवसाय संचालन गर्ने प्रतिवद्धता पत्र।
७. पुष्प कम्पनी/फर्म/नर्सरीले व्यहोर्नुपर्ने रकम नगद मौज्दात रहेको प्रमाण (बैंक स्टेटमेन्ट) वा लगानीको श्रोतको आधार।
८. जिम्मेवारव्यक्तिलेपुष्प बजारिकरणसम्वन्धितालिमप्राप्तगरेकोभएसोकोप्रतिलिपिहरु।
९. खरिद गर्न चाहेको मेशिनरी औजारहरुको स्पेशिफिकेशन तथा लागत मुल्य तथा अन्य कृयाकलापहरुको लागत अनुमान।
१०. कम्तीमा ५ जना पुष्प उत्पादक (न्यूनतम २ हे. क्षेत्रफलको उत्पादन समेट्ने गरी)सँग खरिदका लागि करारनामा गरेको प्रतिलिपि।
११. अनुसूची-२ अनुसारको व्यावसायिक योजना

१२. अनुसूची-३ बमोजिमको प्रतिवद्धता-पत्र र समान प्रयोजनको लागि कुनैपनि श्रोतबाट अनुदान नलिएको स्वघोषणा

मन्त्री

निवेदकको

नामः

दस्तखतः

ठेगानाः

अनुसूची-२

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

मन्त्री

## पुष्पबिक्री केन्द्र स्थापना तथा बजारिकरणका लागि अनुदान सहयोग कार्यक्रम सञ्चालनार्थ व्यावसायिक कार्ययोजनाको ढाँचा

पुष्प कम्पनी/फर्म/नर्सरीको नाम : ...............................................................

पुष्प कम्पनी/फर्म/नर्सरीको किसिमः (पुष्प फर्म/कम्पनी/नर्सरी)

सदस्य संख्याः............

ठेगानाः गाउँ/टोल :.............वार्ड नं. ..... गा.पा./न.पा. ..............जिल्लाः .......................

संस्था दर्ताको मितिः ........................... दर्ता गरेको कार्यालयः.....................

व्यवसाय संचालन गरेको मिति................................ र स्थानः............................

आफैले उत्पादन गरेको भए सञ्चालन गरेको क्षेत्रफलः (कठ्ठा/रोपनी/हेक्टर)...........................

**कार्यक्रम सञ्चालन गरिने स्थान सम्बन्धी विवरणः**

१) कार्यक्रम सञ्चालन गरिने स्थान/बजारको र मोटर बाटो बीचको दुरी (हाते नक्सा सहित)

२) कार्यक्रम सञ्चालन गरिने स्थानमा उपलब्ध अन्य भौतिक सुविधाहरु (सडक, पानी, विद्युत, फोहर व्यवस्थापनलगायतका अन्य सुविधाहरुको बारेमा उल्लेख गर्ने)

३)पुष्प कम्पनी/फर्म/नर्सरीपुष्प कम्पनी/फर्म/नर्सरीसंग पुष्प बाली उत्पादन, बिक्री वितरण सम्बन्धी कार्यमा भएको विज्ञता/अनुभवको प्रमाण खुल्ने विवरण(अध्ययन/तालिमको प्रमाणपत्र/फयान वा अन्य पुष्प संग सम्बन्धित संस्थाको सदस्यता)

मन्त्री

४) पुष्पबिक्री केन्द्र स्थापना तथा बजारिकरणका लागि अनुदान सहयोगका लागी प्रस्तावित क्रियाकलाप तथा बजेट उल्लेख गर्नुहोस्।

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर | जम्मा अनुमानित लागत (रु.) | पुष्प कम्पनी/फर्म/नर्सरीबाट व्यहोर्ने (न्यूनतम ५०%) | अनुदान माग (अधिकतम ५०%) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

५) पुष्प बिक्री केन्द्र स्थापना तथा बजारिकरणका लागि प्रस्ताव गरिएका नविन क्रियाकलापहरु र तिनले पार्नेप्रभावबारे उल्लेख गर्नुहोस्।

६)अनुदान संचालन पश्चात पुष्प बिक्री केन्द्र सञ्चालनका लागि निरन्तरताका आधारहरु उल्लेख गर्नुहोस्।

७)पुष्प व्यवसाय विस्तारको योजना उल्लेख गर्नुहोस्।

८) खरिद करारनामा गरिएका पुष्प उत्पादकहरुको विवरणः

| क्र.सं | कृषकको नाम | ठेगाना | फूलको किसिम र जात | क्षेत्रफल |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

९)आयोजना सञ्चालनबाट अपेक्षित लाभलागत(आय-व्यय)अनुमानः

| क्र.सं. | खर्चको विवरण | खर्च रकम | क्र.सं. | बिक्रीको विवरण | आम्दानी रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

आय-व्यय अनुपात वा नाफा/घाटाः

१०) अन्य निकायबाट विगत दुई वर्षमा पाएको अनुदानको विवरणः

- अनुदान पाएको वर्षः
- अनुदानबाट सम्पन्न गरिएको कार्यविवरणः
- अनुदान रकमः

पुष्प कम्पनी/फर्म/नर्सरीकोनामः

पदः

संस्थाको छाप :

दस्तखतः

मितिः

*नोटः प्रस्तुत संक्षिप्त ढाँचाको आधारमा विस्तृत रुपमा प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ ।*

अनुसूची ३

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

**प्रतिवद्धता तथा अन्य निकायबाट अनुदान नलिएको स्वघोषणा पत्र**

मन्त्री

..............................................को मिति २०७................ मा प्रकाशित सूचना अनुसार पुष्प बिक्री केन्द्रस्थापना तथा बजारिकरणका लागि अनुदान सहयोग कार्यक्रम सञ्चालन गर्न इच्छुक भई सो कार्यक्रममा सहभागिताका लागी कार्य योजना सहितको आवेदन पेश गरेको छु/गरेका छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिम कार्य गर्ने गरि घटिमा ५ वर्षसम्म निरन्तरता दिनेछु/दिनेछौ । कार्ययोजना अनुसारको कार्य नगरेमा वा ५ वर्ष भन्दा अगावै सो कार्यहरु बन्द गरेमा लिएको अनुदान फिर्ता गर्नेछु/गर्नेछौं। अन्यथा प्रचलित ऐन कानुन बमोजिम सहुँला/बुझाउँला । साथै प्रस्तावित कार्यहरुका लागी अन्य कुनै निकायबाट अनुदान सहयोग प्रास नगरेको व्यहोरा समेत अनुरोध गर्दछु/गर्दछौं।

इति सम्वत् २०७..........गते .............रोज ..... शुभम् ।

नामः

ठेगानाः

दस्तखतः

मितिः

संस्थाको छापः

| दायाँ | बायाँ |
|---|---|
| | |

Sunaina

### अनुसूची ४
(दफा ६ को खण्ड (च) सँग सम्बन्धित)

### मूल्याङ्कनका आधारहरु

| सि.नं. | विवरण | प्राप्त हुने अंक |
|---|---|---|
| १. | आवश्यक पूर्वाधारको उपलब्धता | ५ |
| २. | पुष्पजन्य बालीको गुणस्तरीय उत्पादन,उत्पादनमा विविधता, संकलनरबिक्रीवितरणमापुर्याउन सक्नेयोगदानकोसम्भाव्यता | १५ |
| ३. | प्रस्तावको आर्थिक क्षमताको अवस्था | १० |
| ४. | जग्गाको स्वामित्व | १० |
| ५. | पुष्पबजारिकरण सम्बन्धि तालिमको अवस्था | १० |
| ६. | व्यावसायिक योजना | ३० |
| ७. | स्वदेशी उत्पादकसँग करारनामाको अवस्था | १२ |
| ८. | रोजगारी सृजनाको अवस्था | ८ |

(नोटः कार्यक्रम व्यवस्थापन समितिलेआवश्यकता अनुसार प्रस्तुत मापदण्डको विस्तृतीकरण गर्न सक्नेछ। स्थलगत निरिक्षणबाट उपयुक्त नदेखिएका प्रस्तावहरुलाई मूल्याङ्कन प्रकृयामा अगाडि बढाइने छैन।